खड्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
प्रदेश नं. २ नेपाल

# सूचना । सूचना ॥ सूचना ॥।

प्रथम पटक प्रकाशित मिति :२०७७/०८/२२

सघन शहरी तथा भवन निर्माण आयोजना,सप्तरी च.नं. ३७२ मिति २०७७/०८/१८ को पत्रानुसार तथा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/०८/१९ गतेमा बसेको बैठकको निर्णय अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धि ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित/वातावरण मैत्री आवासको अधिकारको सम्मान,संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्ता पाता/सहुलियत दरको काठ लगायतका सामग्री खरिदको लागि गरिबीको रेखामुनी रहेका,पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छाना मुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को दफा १० (ख) अनुसार सम्बन्धि वडा कार्यालय मार्फत १५ (पन्ध्र) दिने सुचना जारी गर्ने निर्णय भएकोले तपसिलमा उल्लेखित वडाका घरधनीहरुले यस कार्यालयबाट निःशुल्क रुपमा निवेदनको नमूना प्राप्त गरी आवश्यक विवरण भरी १५ (पन्ध्र) दिन भित्र सम्बन्धित वडा कार्यालयमा बुझाउनु हुन सबैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारबाही नहुने व्यहोरा समेत अनुरोध छ ।

**तपसिल**

१. खडक नगरपालिका वडा न. १, सिस्वा बेल्ही
२. खडक नगरपालिका वडा न. २, सिस्वा बेल्ही
३. खडक नगरपालिका वडा न. ३, बनरझुला
४. खडक नगरपालिका वडा न. ४, पंसेरा
५. खडक नगरपालिका वडा न. ५, खोजपुर
६. खडक नगरपालिका वडा न. ६, कल्याणपुर
७. खडक नगरपालिका वडा न. ७, कल्याणपुर
८. खडक नगरपालिका वडा न. ८, कल्याणपुर
९. खडक नगरपालिका वडा न. ९, मैनहासहश्रवाहु
१०. खडक नगरपालिका वडा न. १०, इनर्वा फुलवडिया
११. खडक नगरपालिका वडा न. ११, बनौली

..........................................
महि नारायण चौधरी
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकिय अधिकृत